# सञ्चय कोष

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

ISSN: 3021-9353 Online

ई-न्यूजलेटर

वर्ष १२। अंक ५१।

२०८१ माघ-चैत्र


## वार्षिक कार्यसम्पादन सम्झौता र बजेटको अर्धबार्षिक समीक्षा सम्पन्न



कर्मचारी सञ्चय कोष, योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा आर्थिक बर्ष २०८१/८२ को वार्षिक कार्यसम्पादन सम्झौता (MOU) र बार्षिक बजेटको अर्धबार्षिक समीक्षा कार्यक्रम मिति २०८१ माघ १८ र १९ गते काठमाडौंमा सम्पन्न भएको छ।

कार्यक्रममा कर्मचारी सञ्चय कोषका प्रशासक जितेन्द्र धितालले वार्षिक कार्यसम्पादन सम्झौता Intigrated कार्यक्रम भएको र यसको समग्र परिणामले कोषलाई Value add गर्ने बताउनुभयो।

प्रशासक धितालले Document Management System Digital EPF कार्यान्वयनको एउटा अंगको रुपमा रहेको र Automation मा जानको लागि यो महत्वपूर्ण रहेको उल्लेख गर्नुहुँदै MOU का कार्यक्रमलाई संवेदनशील रुपमा लिनुपर्ने बताउनुभयो।

साथै, उहाँले बजेट तथा कार्यक्रमवीचको तालमेल मिलाउन Data Review आबश्यक भएको पनि बताउनुभयो।

कर्मचारी सञ्चय कोषका सह-प्रशासक जीवन कुमार कट्वालले Document Management System मार्फत कम समयमा सजिलै कागजपत्र भेटिने हुँदा समग्रमा कार्यदक्षता बढ्ने र यो भौतिक कागजातको विकल्पमा नभई यसकै परिपुरकको रुपमा रहने बताउनुभयो।

सह-प्रशासक कट्वालले समीक्षाबाट कार्यसम्पादन सम्झौताका कार्यक्रमका उपलब्धीहरु सन्तोषजनक देखिएको उल्लेख गर्नुहुँदै समीक्षाबाट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सबै क्रियाकलापमा भन्दा पनि मुख्य लक्ष्यमा कति प्रगति भयो भन्नेमा ध्यान दिनुपर्ने बताउनुहुँदै पेन्सन व्यवस्थापन, रिकन्सिलिएशन र लेखांकनमा सुधार लगायतका कार्यलाई सबैको साझा कार्यक्रम बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

क्रमश....पेज २



कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै सह-प्रशासक भरतराज वस्तीले समीक्षा कार्यक्रमबाट कोषको हालसम्मका उपलब्धीका बारेमा जानकारी हुने र आगामी दिनमा गर्नुपर्ने बाँकी कार्यक्रमका लागि मार्गदर्शन हुने बताउनुभयो ।

कार्यक्रममा सूचना प्रबिधि विभागका विभागीय प्रमुख दर्शन भट्टराइले Document Management System को कार्यान्वयन सम्बन्धी विस्तृत कार्ययोजना प्रस्तुत गर्नुहुँदै यसको कार्यान्वयनको लागि सबै विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रले कागजातको महत्व तथा धुल्याउने अवधिका आधारमा बर्गीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

साथै, उहाँले Document Management System को प्रयोगलाई सहज र सुरक्षित बनाउन आवश्यक व्यवस्था गरिएको र भण्डारणका लागि पर्याप्त ठाउँ समेत रहेको जानकारी दिनुभयो ।

यसैगरी, कार्यक्रममा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख नवराज पौडेलले चालू आर्थिक वर्षका लागि भएको कार्यसम्पादन सम्झौतामा उल्लेखित कार्यक्रमको मूल्याङ्कन गरी तयार गरिएको अर्धवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गुर्नभयो ।

उहाँले सबै विभाग, शाखा कार्यालय र सेवा केन्द्रले पठाएका प्रगति विवरणका आधारमा विशेष र नियमित कार्यक्रमको प्रगतिलाई अर्धवार्षिक र वार्षिक लक्ष्यसँग तुलनात्मक विश्लेषण गरी प्रस्तुती तयार गरिएको बताउनुभयो ।

आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी र प्रबन्धक कुसुम लामाले वार्षिक कार्यक्रम तथा वजेटको अर्धवार्षिक समीक्षा प्रस्तुत गर्नुहुँदै शिर्षक अनुसार स्वीकृत भएको बजेट र हालसम्म खर्च भएको बजेटको बारेमा विस्तृत जानकारीका साथै बजेट कार्यान्वयनमा रहेका समस्या तथा चुनौतीका बारेमा उल्लेख गर्नुभएको थियो ।

कार्यक्रममा कोषमा क्रियाशील तीनवटै कर्मचारी युनियनका अध्यक्ष तथा प्रतिनिधिले मन्तव्य राख्दै समीक्षा कार्यक्रममा बजेट तथा कार्यसम्पादन सम्झौताका कार्यक्रम कार्यान्वयनमा हामी कहाँ छौं, लक्ष्य प्राप्तीका लागि आगामी दिनमा के गर्न सकिन्छ भन्ने विषयमा भएको गहन छलफलबाट कोषको समग्र कार्य प्रभावकारीतामा सकारात्मक प्रभाव पार्ने विचार व्यक्त गर्नुभयो ।

कर्मचारी सञ्चय कोषका प्रशासकको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सह-प्रशासक, विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक, शाखा कार्यालय प्रमुख र सेवा केन्द्र प्रमुखको उपस्थिति रहेको थियो ।

# सञ्चालक समितिमा शर्मा मनोनयन



कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको सदस्यमा नेपाल सरकार, अर्थ मन्त्रालयका सहसचिव धनिराम शर्मा मनोनयन हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८१/११/११ देखि लागू हुने गरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी सहसचिव शर्मालाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

# तालिम तथा क्षमता विकास

## सेवाकालिन तालिम संचालन



कर्मचारी सञ्चय कोषले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा कोषमा कार्यरत कर्मचारीहरूलाई सेवाकालीन तालिममा सहभागी गराएको छ।

मिति २०८१/०९/१७ देखि २०८१/११/०१ सम्म सञ्चालित ३० कार्यदिनको Professionaal Course on Management and Development (PCMD) for the Officials of Employees Provident Fund (EPF) विषयक सेवाकालिन तालिममा कोषका तर्फबाट उप प्रबन्धक र सहायक प्रबन्धक गरी जम्मा २४ जना कर्मचारीको सहभागिता रहेको थियो।

तालिममा सहभागि कर्मचारीहरूद्वारा विषयबस्तुको समीक्षा र प्रतिवेदन प्रोजेक्टर मार्फत प्रस्तुतीकरण गरिएको थियो।

तालिमको समापन कार्यक्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रमुख डा. राजन खनालले कर्मचारीहरूबीच ज्ञान आदान-प्रदान र सिकाईको माध्यमबाट नेतृत्व कला तथा क्षमता विकास गरी संस्थाको सुदृढीकरण गर्न सेवाकालिन तालिमले महत्वपर्ण भुमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

## Innovating Public Policy : Use of Evidence

## प्रशिक्षण कार्यक्रममा सहभागिता

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा मिति २०८१/१२/१४ देखि २०८१/१२/२२ सम्म सञ्चालित ७ कार्यदिनको Innovating Public Policy : Use of Evidence विषयक प्रशिक्षण कार्यक्रममा कोषका तर्फबाट प्रबन्धक पूर्ण कुमारी बस्नेत र प्रबन्धक त्रिबिक्रम पाण्डेको सहभागिता रहेको थियो।

## ISSA द्वारा सञ्चालित Online तालिममा सहभागिता

International Social Security Organization (ISSA) द्वारा Online माध्यमबाट 10 March – 11 April, 2025 सम्म प्रत्येक हप्ता २ ओटा Session का दरले सञ्चालित Extending Social Security Coverage to the Missing Middle : Addressing Gap for More Inclusive System विषयक Online तालिम कार्यक्रममा कोषका तर्फबाट बरिष्ठ प्रबन्धक सन्तोष पौडेल र प्रबन्धक कृष्ण प्रसाद शर्मा (मरासिनी) सहभागी हुनुभएको छ।

# कोषका कर्मचारीलाई वैदेशिक तालिम




कर्मचारी सञ्चय कोषले भारतको गुरगाउँमा अवस्थित Management Development Institute सँगको समन्वयमा कोषमा कार्यरत अधिकृत कर्मचारीलाई तालिममा सहभागी गराएको छ । मिति २०८१/१२/१७ देखि २०८१/१२/२१ सम्म भारतको गुरगाँउमा सञ्चालित Advanced Management Programme विषयक तालिममा कोषका तर्फबाट उप-प्रबन्धक र सहायक प्रबन्धक गरी ३० जना कर्मचारीको सहभागिता रहेको थियो ।

तालिममा सहभागी कर्मचारीहरुद्वारा तालिम समापन पश्चात् समीक्षा सहितको प्रतिवेदन कोषको तालिम हलमा प्रोजेक्टर मार्फत प्रस्तुतकरण गरिएको थियो । प्रस्तुतीकरणमा सहभागीहरूले यस्तो तालिमले कर्मचारीहरूको वृत्ति विकासका साथै संगठनको संस्थागत क्षमता अभिवृद्धिमा उल्लेखनीय भूमिका खेल्ने बताउनुभयो ।

# कोषमा AML/CFT को व्यवस्था कार्यान्वयन सम्बन्धमा राष्ट्र बैंकको स्थलगत निरिक्षण



नेपाल राष्ट्र बैंकद्धारा मिति २०८१ माघ २७ देखि ७ कार्य दिन कर्मचारी सञ्चय कोषमा सम्पती शुद्दिकरण तथा आतंकवादी क्रियाकलाप वित्तीय लगानी निवारण सम्बन्धमा स्थलगत निरिक्षण कार्य सम्पन्न भएको छ ।

निरिक्षणमा नेपाल राष्ट्र बैकको Money Laundering Prevention Supervision Division का निर्देशक आर्या जोशी, उप-निर्देशक मनोज गुरूङ र सहायक निर्देशक कैलासराज भण्डारी सहभागी हुनुहुन्थ्यो ।

निरिक्षणका क्रममा आयोजना गरीएको छलफल कार्यक्रम कोषका सह प्रशासक जीवन कुमार कट्वाल, लेखापरीक्षण विभागका विभागीय प्रमुख ध्रुव प्रसाद भट्टराई र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख नवराज पौडेल, प्रबन्धक कृष्ण शर्मा (मरासिनी) लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

छलफलमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका प्रबन्धक कृष्ण प्रसाद शर्मा (मरासिनी) ले कोषको संगठनात्मक संरचना, सञ्चयकर्तालाई उपलब्ध गराइरहेको सेवा सुविधा तथा सोको प्रक्रियाका साथै कोषमा सम्पति शुद्धीकरण निवारणका लागि भएका नीतिगत व्यवस्था र अभ्यासको सम्बन्धमा प्रस्तुतीकरण गर्नुभयो ।

छलफल पश्चात कोषले सम्पती शुद्दिकरण तथा आतंकवादी क्रियाकलाप वित्तीय लगानी निवारण सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था, नेपाल राष्ट्र बैंकको निर्देशन, कोषले नीतिमा भएका व्यवस्था अनुरुपका कार्य गर्दै कोषको नीतिलाई ऐन नियमावलीमा भएको व्यवस्था अनुरुप बनाउन समयानुकुल संशोधन गर्दै जानुपर्नेमा जोड दिइयो ।

सात कार्यदिनको निरिक्षण पश्चात नेपाल राष्ट्र बैंकले कोषको AML CFT को कार्यान्वयन अवस्था र कोषले गर्नुपर्ने कार्यका सम्बन्धमा तयार पारेको प्रारम्भिक प्रतिवेन कोषमा प्राप्त भएको छ ।

# मुनाफा रकम वितरण




कर्मचारी सञ्चय कोष, सञ्चालक समितिको मिति २०८१/१२/१७ (बैठक नं.१७०६) को बैठकले कोषको आ.व. ०८०/८१ को वित्तीय विवरण स्वीकृत गर्दै सञ्चयकर्ता तथा योगदानकर्ताको व्यक्तिगत खातामा रहेको सुरु मौज्दात रकममा ११.१ प्रतिशतका दरले हुने रकम मुनाफाका रूपमा वितरण गर्ने निर्णय गरेको छ।

सो निर्णय अनुसार कोषले गत आर्थिक वर्ष ०८०/८१ मा आर्जन गरेको कुल मुनाफाबाट सञ्चयकर्ताको खातामा पाँच अर्ब २७ करोड र योगदानमा आधारित निवृत्तिभरण कोषका योगदानकर्ताको खातामा ६ करोड ४३ लाख रुपैयाँ गरि करिब पाँच अर्ब ३४ करोड रुपैयाँ मुनाफा वितरण गरेको हो।

कोषले प्रत्येक आर्थिक वर्षमा आर्जन गरेको कुल मुनाफाको ९२ प्रतिशत रकम सञ्चयकर्ताका लागि मुनाफा र कल्याणकारी प्रयोजनका लागि छुट्याई वितरण गर्ने गरेको र बाँकी रकम विभिन्न जगेडा कोषमा राख्ने गरेको छ।

कोषले सञ्चयकर्ता तथा योगदानकर्तालाई चालू आर्थिक वर्षमा सञ्चित रकममा ५.५ प्रतिशतका दरले ब्याज प्रदान गरेको छ। सञ्चयकर्ता तथा योगदानकर्ताले कोषबाट ६.६ प्रतिशत ब्याजमा सञ्चित रकमको ९० प्रतिशतसम्म विशेष सापटी पाउने गरेका छन्।

# सञ्चयकर्ता सापटी रकमको सिमामा बृद्धि




कर्मचारी सञ्चय कोष, सञ्चालक समितिको मिति २०८१/१२/१५ (बैठक नं. १७०५) को निर्णय बमोजिम सञ्चय कर्ता सापटी प्रवाह (दोस्रो संशोधन) विनियमावली, २०८१ स्वीकृत भई लागू भएको छ।

संशोधित व्यवस्था अनुसार, धितोमा आधारित सापटीको अधिकतम सिमा जग्गा खरीद सापटी रु. १ करोडसम्म, घर सापटी रु. १ करोडसम्म, घर मर्मत सापटी रु. ४० लाखसम्म, शैक्षिक सापटी रु. ४० लाखसम्म र सरल सापटी रु. ६० लाखसम्म कायम गरिएको छ।

मुल्याङ्कन रकमले खामेको अवस्थामा एउटै सञ्चयकर्तालाइ फरक फरक वा एउटै धितोमा फरक शीर्षकमा कूल सापटी रकम रु. १ करोड ५० लाखभन्दा बढी नहुने गरी सापटी स्वीकृत गर्न सकिनेछ।

त्यस्तै, धितो रहने जग्गाको चारैतिर पर्खाल लगाएको हुनुपर्ने, धितो रहने जग्गाको क्षेत्रफल १ रोपनी वा २ कट्ठाभन्दा बढी भएमा चारकिल्ला स्पष्ट देखिने गरी पर्खाल वा तारवार वा फेन्सिङ्ग गरेको हुनुपर्ने, घर खरीद वा जग्गा खरीद गरेपश्चात् ३ महिनाभित्र सापटी माग गरेमा पनि सापटी प्रदान गर्न सकिने, ग्रेस अवधि भएका सापटीको व्याज सञ्चयकर्ताले चुक्ता नगरेमा आ.व. को अन्त्यमा सापटी खातामा पूँजीकरण गरिने लगायतका व्यवस्थाहरुमा संशोधन गरिएको छ।

# शाखा कार्यालय विराटनगर प्रमुखमा ठकुरी



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, विराटनगरको प्रमुखमा बरिष्ठ प्रबन्धक रुक्मणी ठकुरीलाई पदस्थापन गरिएको छ। उहाँले मिति २०८१/१२/१३ गते देखि सो जिम्मेवारी सम्हाल्नु भएको छ।

यसअघि उहाँ कोष व्यवस्थापन विभागमा उपप्रबन्धकको पदमा कार्यरत हुनुहुन्थ्यो।

# सामाजिक सुरक्षाबाट १९ हजार बढी सञ्चयकर्ता लाभान्वित



आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्तसम्ममा कर्मचारी सञ्चय कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत १९ हजारभन्दा बढी सञ्चयकर्तालाई कूल २९ करोड बढी रकम वितरण गरेको छ।

जसअनुसार, सञ्चयकर्ता स्वास्थ्योपचार सुविधा अन्तर्गत साधारण रोग तर्फ २ हजार ९ सय ५३ जना सञ्चयकर्तालाई रु. १० करोड ८२ लाख, घातक रोगका लागि १०१३ जना सञ्चयकर्तालाई रु. १४ करोड १० लाख रुपैया प्रदान गरिएको छ।

यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १४ हजार ५ सय ६५ सञ्चयकर्तालाई रु. १० करोड ९२ लाख, काजकिरिया अनुदान सुविधा ४२० जनाका आश्रित परिवारलाई रु. १ करोड ६८ लाख र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत १२५ जनालाई रु. २ करोड ४८ लाख रुपैया प्रदान गरिएको छ।

# कोषको क्यालेण्डर प्रकाशित

कर्मचारी सञ्चय कोषले नयाँ वर्ष २०८२ सालका लागि भित्ते एवं टेबल क्यालेण्डर प्रकाशन गरेको छ।

क्यालेण्डरमा विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्व बोकेका १३ वटा आकर्षक तस्वीरले सजिएको क्यालेण्डरमा कोषले प्रदान गरिरहेका सेवा सुविधाहरु सहित महत्वपूर्ण जानकारीहरु समावेश गरिएको छ।




# विक्रम सम्वत् २०८२ सालको सार्वजनिक विदा

**२०८२ सालको सार्वजनिक बिदाको सूची**

१. **वर्षभरिका सबै शनिवार बिदा।**

२. **पर्व बिदाहरु:-**

२.१ **मुलुकभरि सार्वजनिक बिदा हुने पर्वहरू:**

(क) नव वर्ष -वैशाख १ गते सोमबार।

(ख) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बुद्ध जयन्ती, राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किराँत समुदायको उभौली पर्व-बैशाख२९ गते सोमबार।

(ग) रक्षाबन्धन-साउन २४ गते शनिबार।

(घ) श्रीकृष्ण जन्माष्टमी -साउन३१ गते शनिबार।

(ङ) घटस्थापना - असोज ६ गते सोमबार।

(च) दशै बिदा - असोज १३ गते सोमबारदेखि असोज १८ गते शनिबारसम्म (फूलपातीदेखि द्वादशीसम्म)

(छ) तिहार बिदा - कात्तिक ३गते सोमबारदेखिकात्तिक७ गते शुक्रबारसम्म (लक्ष्मीपूजादेखि भाइटिकाको भोलिपल्टसम्म)

(ज) छठ पर्व -कार्तिक १०गते सोमबार।

(झ) धान्य पूर्णिमा - किराँत समुदायको उधौली पर्व, योमरी पुन्हिँज्यापू दिवस-मङ्सिर १८ गते बिहीबार।

(ञ) इसाई धर्मावलम्बीको पर्व क्रिसमस डे(डिसेम्बर २५) - पुस १० गते बिहीबार।

(ट) तमु ल्होसार - पुस १५ गते मङ्गलबार।

(ठ) माघी पर्व/माघेसङ्क्रान्ति - माघ १ गते बिहीबार।

(ड) सोनम ल्होसार - माघ ५ गते सोमबार।

(ढ) महाशिवरात्री - फागुन ३ गते आइतबार।

(ण) ग्याल्पो ल्होसार - फागुन ६ गते बुधबार।

(त) इस्लाम धर्मावलम्बीको पर्व ईद (ईद उल फित्र) का दिन।

(थ) इस्लाम धर्मावलम्बीको पर्व बकर ईद (ईद उल अजहा) का दिन।

(द) फागुपूर्णिमा- (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौडा र सुर्खेत कार्यालयहरु -फागुन१८ गते सोमबार) र (धनगढी, कोहलपुर, बुटवल, जनकपुर र विराटनगर र विर्तामोड कार्यालयहरु - फागुन१९ गते मंगलबार)

(ध) रामनवमी - चैत १३ गते शुक्रबार।

**२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्रहुनेसार्वजनिक पर्व बिदाहरू:**

(क) गाईजात्रा-साउन २५ गते आइतबार (देशभरका नेवार समुदायका लागि मात्र)।

(ख) गौरा पर्व - भदौ १५ गते आइतबार।

(ग) सिरुवा पावनीको दिन (सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी जिल्लामा)।

**३. महिला कर्मचारीहरुको लागि मात्र:**

(क) हरितालिका(तीज) व्रत -भदौ१० गते मङ्गलबार।

(ख) जितिया पर्व -भदौ३० गते सोमबार (जितिया पर्व मनाउने महिला कर्मचारीको लागि)।

**४. जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):**

(क) गाईजात्रा -साउन २५ गतेआइतबार।

(ख) इन्द्रजात्रा - भदौ २१ गते शनिबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन)।

(घ) घोडेजात्रा - चैत४ गते बुधबार।

**५. दिवस बिदा:**

**५.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक दिवस बिदा:**

(क) विश्व मजदुर दिवस - (मे १) वैशाख १८ गते बिहीबार।

(ख) गणतन्त्र दिवस - जेठ १५ गते बिहीबार।

(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गतेशुक्रबार।

(घ) सहिद दिवस - माघ १६ गते शुक्रबार।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते बिहीबार ।

(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते आइतबार।

**५.२ अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र:**

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस(डिसेम्बर ३) - मङ्सिर १७ गते बुधबार (अपाङ्गता भएका कर्मचारीकोलागि)।

**६. जन्मजयन्ती बिदा:-**

**६.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जन्मजयन्ती बिदा:**

(क) बुद्ध जयन्ती - वैशाख २९ गते सोमबार।

(ख) पृथ्वी जयन्ती (राष्ट्रिय एकता दिवस) -पुस २७ गते आइतबार।

**६.२ सम्बन्धित धर्मावलम्बीका लागि मात्र:**

(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते मङ्गलबार (किराँत धर्मावलम्बी)।

(ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बी)।

(ग) गुरु नानक जयन्तीका दिन (नेपाली सिख धर्मावलम्बी)।

**७. कार्यालय हाजिर हुने र छुट्ने समय:-**

(क) संवत् २०८२ बैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा संवत् २०८२ माघ १६ गतेदेखि चैत मसान्तसम्म

कार्यालय बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने र संवत् २०८२ कात्तिक १६ गते देखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुनेछ।

(ख) प्रत्येक शुक्रबारको दिन बिहान १०:००बजे देखि अपरान्ह १:३० बजेसम्म हुनेछ।

**८. खाजा समय:**

दिउसो १:३० बजे देखि २:०० बजेसम्म खाजा खाने समय कायम हुनेछ।

नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रुपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा बिदा हुनेछ।

सम्बन्धित प्रदेश सरकारले आ-आफ्नो धर्म, संस्कृति र रितिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गरेको सार्वजनिक बिदाका दिनमा सम्बन्धित प्रदेशमा रहेका कोषका शाखा कार्यालय तथा सेवा केन्द्रमा समेत सार्वजनिक बिदा हुनेछ।

२०८२ श्रावण १ गते बिहीबार आर्थिक वर्षको पहिलो दिन कोषको बाह्य कारोबार बन्द हुनेछ।

२०८२ भाद्र ३१ गते मंगलबार कोषको वार्षिकोत्सव पर्ने भएकोले सो दिन कोषको बाह्य कारोबार बन्द हुनेछ।

# शाखा कार्यालय धनगढी

**अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, धनगढीको आयोजनामा मिति २०८१ साल फागुन ९ गते बझाङ जिल्लास्थित सरकारी कार्यालय,




सामुदायिक विद्यालय तथा सार्वजनिक निकायका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरुको सहभागितामा सञ्चय कोष तथा निवृत्तभरण कोषको सेवा प्रवाह, सुविधा र कोषका भावि कार्यक्रम तथा कार्यदिशाका सम्बन्धमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

बझाङका सहायक प्रमुख जिल्ला अधिकारी सत्या जोशीको अध्यक्षतामा भएको कार्यक्रममा कोषको तर्फवाट शाखा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले प्रस्तुतीकरण र कोषका सहायक प्रवन्धक उमेश राज भट्टले सहजीकरण गर्नुभएको थियो ।

यसैगरी, मिति २०८१ साल फागुन ११ गते दार्चुला जिल्लास्थित सरकारी कार्यालय, सामुदायिक विद्यालय तथा सार्वजनिक निकायका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरुको सहभागितामा सञ्चय कोष तथा निवृत्तभरण कोषको सेवा प्रवाह, सुविधा र कोषको भावि कार्यक्रम तथा कार्यदिशाका सम्बन्धमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा कोषका तर्फवाट शाखा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले प्रस्तुतीकरण र सहायक प्रवन्धक उमेश राज भट्टले सहजीकरण गर्नुभएको थियो।

यस्तै, मिति २०८१ साल फागुन १२ गते बैतडी जिल्लास्थित सरकारी कार्यालय, सामुदायिक विद्यालय तथा सार्वजनिक निकायका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरुको सहभागितामा सञ्चय कोष तथा निवृत्तभरण कोषको सेवा प्रवाह, सुविधा र कोषको भावि कार्यक्रम तथा कार्यदिशाका सम्बन्धमा छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

बैतडीका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा कोषको तर्फवाट शाखा कार्यालय प्रमुख राजेन्द्र लामिछानेले प्रस्तुतीकरण र सहायक प्रवन्धक उमेश राज भट्टले सहजीकरण गर्नुभएको थियो।

यसैगरी, मिति २०८१ साल फागुन १९ गते कैलाली जिल्लास्थित धनगढी उ.म.न.पा. र मिति २०८१ साल फागुन २१ गते कञ्चनपुर जिल्लास्थित कृष्णपुर नगरपालिकाले सञ्चालन गरेका स्थानीय तहका कर्मचारीहरुको



विभिन्न अवकाश कोषहरुलाई कोषमा आवद्धता गर्नका लागि अनुरोध सहित आएको पत्रहरुका सम्बन्धमा आवश्यक छलफल गरिएको छ।

# शाखा कार्यालय सुर्खेत

कर्मचारी सञ्चय कोषबाट सञ्चयकर्ताका लागि धितोमा आधारित कर्जा प्रवाहको दायरा विस्तार गर्ने कार्यक्रम अन्तर्गत शाखा कार्यालय, सुर्खेतले सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिकाको वावियाचौर क्षेत्र र जाजरकोट जिल्लाको सदरमुकाम खलंगा क्षेत्रको स्थलगत अवलोकन गरेको छ।

अवलोकन पश्चात् सो को प्रतिवेदन सहित दायरा विस्तार गर्न आवश्यक प्रक्रियाका लागि सञ्चयकर्ता कर्जा विभागमा पठाईएकोमा मिति २०८१/१२/२९ को परिपत्रबाट क्षेत्र विस्तार भएको छ।

यसैगरी, निबृत्तभरण ब्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुखको उपस्थितिमा सुर्खेतस्थित मध्यपश्चिम विश्वविद्यालयको केन्द्रीय कार्यालयमा विश्वविद्यालयसँग योगदानमा आधारित निबृत्तभरण तथा उपदान योजना सम्बन्धमा पूरक सम्झौता सम्पन्न भएको छ।

आ.व. २०८१/८२ को फागुन मसान्तसम्मको अवधिमा शाखा कार्यालयबाट सम्पन्न भएका आर्थिक कारोवार तथा अन्य कार्यहरुको आन्तरिक लेखापरिक्षण कार्य सम्पन्न भएको छ।

यस अवधिमा शाखा कार्यालय, सुर्खेतबाट १,८१७ जनालाई बिशेष सापटी, ८७२ जनालाई सुत्केरी तथा शिशु स्याहार सुविधा, १,२५७ जनालाई कोष रकम भुक्तानी, ९९ जनालाई धितोमा आधारित कर्जा, २३ जनालाई स्वास्थ्योपचार सुविधा, १ जनालाई दुर्घटना क्षतिपूर्ति र २३ जनालाई काजक्रिया अनुदान रकम उपलब्ध गराइएको छ।

यस्तै, यस अवधिमा शाखा कार्यालय, सुर्खेतबाट सल्यानस्थित ब्यारेकमा तालिममा रहेका १०४ जना र सुर्खेतको लेखफर्सा ब्यारेकमा तालिममा रहेका १०२ सञ्चयकर्ताको Onsite KYC Update र सम्पन्न गरिएको छ।

साथै, ती दुईवटै स्थानमा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम अन्तर्गत कोषबाट उपलब्ध हुने सेवा सुविधा सम्बन्धमा जानकारीमूलक अन्तरक्रिया सम्पन्न गरिएको छ।

# शाखा कार्यालय, कोहलपुर

**KYC अद्यावधिकिकरण**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरबाट मिति २०८१/११/०४ गते नेपाली सेनाको श्री नं १९ बाहिनी अड्डा, तुल्सीपुर ब्यारेक, घोराही, दाङमा श्री नं १९ बाहिनी अड्डाका प्रमुख



सेनानी धिरज खत्रीको उपस्थितिमा १३७ जना र मिति २०८१/११/२१ नेपाल प्रहरी, कर्णाली प्रदेश तालीम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज, बाँके) मा तालीम केन्द्र प्रहरी निरीक्षक नरेश वि.क. को उपस्थितिमा २१६ जना नयाँ भर्ना भएका कर्मचारीहरुको On Site KYC सम्पन्न गरियो।

त्यसक्रममा कोषले शाखा कार्यालयबाट प्रवाह गरेका सापटी सुविधाहरु, सामाजिक सुरक्षा सुविधाहरु र अन्य सेवाहरुको बारेमा सहभागीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा कोषको तर्फबाट शाखा कार्यालयका सहायक प्रबन्धक तोजेन्द्र रोकाय, मोहनराज कडेल र उप-प्रबन्धक नविन पौडेलले प्रस्तुतीकरण गर्नुभएको थियो।

**अन्तर्क्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा क्रमशः मिति २०८२/०१/०८, २०८२/०१/०९ र २०८२/०१/१० गते क्रमशः मल्लरानी गाउँपालिका, प्युठान, प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विजुवार, प्युठान र रोल्पा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लिबाङ्ग, रोल्पामा कोषको शाखा कार्यालयबाट प्रवाह गरिए सापटी सुविधाहरु, सामाजिक



सुरक्षा सुविधाहरुका साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोषमा आवद्धता सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सहभागीहरुको जिज्ञासा एवम् गुनासाहरुको सम्बोध कोषको शाखा कार्यालय, कोहलपुरका कार्यालय प्रमुख शशिकुमार कुमार देवकोटाले गर्नुभएको थियो।

उक्त कार्यक्रममा कोषका तर्फबाट शाखा कार्यालयका सहायक प्रबन्धक मोहन राज कडेलले सेवा सुविधा सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो।

# नेपाल प्रहरी, कर्णाली प्रदेश तालीम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज, बाँके)

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८१/११/२१ नेपाल प्रहरी, कर्णाली प्रदेश तालीम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज, बाँके) मा तालीम केन्द्र प्रहरी निरीक्षक नरेश वि.क. को उपस्थितिमा २१६ जना नयाँ भर्ना भएका कर्मचारीहरुको On Site KYC गर्नुका साथै कोषको शाखा कार्यालयबाट प्रवाह गरेका सापटी सुविधाहरु, सामाजिक सुरक्षा सुविधाहरु र अन्य सेवाहरुको बारेमा सहभागीहरुबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा कोषका तर्फबाट शाखा कार्यालयका उपप्रबन्धक नविन पौडेलले प्रस्तुतीकरण गर्नुभएको थियो ।

# मल्लरानी गाउँपालिका खलंगा, प्युठान



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८२/०१/०८ गते मल्लरानी गाउँपालिका, प्युठान, खंलगामा कोषको शाखा कार्यालयबाट प्रवाह गरिएका सापटी सुविधाहरु, सामाजिक सुरक्षा सुविधाहरुका साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोषमा आवद्धता सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रतिनिधि र कर्मचारीहरुवीच कोषबाट प्रवाह हुँदै आएको सेवाहरुका बारेमा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरुको जिज्ञासा एवम् गुनासाहरुको सम्बोधन कोषको शाखा कार्यालय, कोहलपुरका कार्यालय प्रमुख शशिकुमार कुमार देवकोटाले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कोषका तर्फबाट शाखा कार्यालयका सहायक प्रबन्धक मोहनराज कंडेलले सेवा सुविधा सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

# प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विजुवार, प्युठान

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८२/०१/०९ गते प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, विजुवार, प्युठानमा कोषको शाखा कार्यालयबाट प्रवाह गरिएका विभिन्न धितोमा आधारित सापटी सुविधाहरु, सामाजिक सुरक्षाका सुविधाहरुका साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोषमा आवद्धता सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीहरुबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

प्युठान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद भण्डारीको उपस्थितिमा भएको कार्यक्रममा करिव ४० जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी कर्मचारीहरुको जिज्ञासा तथा गुनासोहरुको सम्बोधन कोषका शाखा कार्यालय, कोहलपुरका कार्यालय प्रमुख शशिकुमार कुमार देवकोटाले गर्नुभएको थियो ।

यसैगरी, कोषका तर्फबाट शाखा कार्यालयका सहायक प्रबन्धक मोहन राज कडेलले कोषका सेवा सुविधा सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

# रोल्पा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लिबाङ्ग, रोल्पा



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, कोहलपुरको आयोजनामा मिति २०८२/०१/१० गते रोल्पा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लिबाङ्ग, रोल्पामा कोषको शाखा कार्यालयबाट प्रवाह गरिएका विभिन्न धितोमा आधारित सापटी सुविधाहरु र सामाजिक सुरक्षाका सुविधाहरुका साथै स्थानीय तहमा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोषमा आवद्धता सम्बन्धमा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरुबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

रोल्पा नगरपालिकाका नगर प्रमुख सुरेन्द्र थापा (घर्ती) को अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकामा कार्यरत ३५ जना कर्मचारीहरुको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा कोषको तर्फबाट शाखा कार्यालयका सहायक प्रबन्धक मोहन राज कडेलले कोषका सेवा सुविधा सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रममा सहभागी कर्मचारीहरुका जिज्ञासा तथा गुनासोहरुको सम्बोधन शाखा कार्यालय, कोहलपुरका कार्यालय प्रमुख शशिकुमार कुमार देवकोटाले गर्नुभएको थियो।

# शाखा कार्यालय, बुटवल

**ब्यक्तिगत KYC अद्यावधिक**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, बुटवलद्वारा आफ्नो क्षेत्र अन्तर्गतका सञ्चयकर्ता कार्यालयहरुमा मिति २०८१/१०/०७ मा नेपाली सेना, गोरख दल गणमा नयाँ नियुक्त भई आएका १०० जना सैन्य कर्मचारीहरुको ब्यक्तिगत KYC अद्यावधिक गरिएको छ।

त्यसक्रममा कोषको परिचय, उपयोगिता, कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्ने वित्तीय तथा सामाजिक सुरक्षाका सुबिधाहरु र सो को प्रक्रिया लगायतका विषयमा जानकारी गराउनुका साथै सहभागीहरुका विभिन्न जिज्ञासाहरुको सम्बोधन गरिएको थियो ।

**ज्ञान आदान-प्रदान कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, बुटवलको आयोजनामा शाखा कार्यालयको कार्य जिम्मेवारीमा भएका तथा शाखा कार्यालयमा कार्यरत कर्मचारीबीच ज्ञान आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा उपप्रवन्धक बालकृष्ण अर्यालले धितोमा आधारित सापटी प्रवाह तथा असूलीसँग सम्वन्धित ज्ञान, सीप र अनुभवका साथै योगदानमा आधारित निवृत्तभरणको परिचय, उपयोगिता र सो प्रक्रियाका बारेमा जानकारी दिनुभएको थियो।

**अस्पतालहरुसँगको MoU सम्पन्न**

कर्मचारी सञ्चय कोष र रुपन्देहीका निजीक्षेत्रबाट सञ्चालित विभिन्न चारवटा अस्पतालहरुबीच कोषको सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० अनुसार समझदारी (MoU) सम्पन्न भएको छ।

त्यस अवसरमा कोषका शाखा कार्यालय प्रमुख कृष्ण बहादुर जी.सी. ले सम्बन्धित अस्पतालका प्रमुख तथा कर्मचारीहरुलाई कोषको सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० अनुसार सञ्चयकर्ताले स्वास्थ्य उपचार सोधभर्ना दावीको सहजीकरण तथा आवश्यक कागजात उपलब्धका लागि अस्पतालहरुको दायित्व सम्वन्धमा जानकारी गराउनु भयो।

# शाखा कार्यालय, पोखरा

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराको आयोजनामा २०८१ साल पुसदेखि चैतसम्म सञ्चयकर्ताको सेवालाई प्रभावकारी बनाउन कोषबाट प्रदान हुने सेवा सुविधाको आधुनिक सूचना तथा प्रविधिको माध्यमबाट प्रचार-प्रचार हुने गरी सञ्चयकर्ताहरुका लागि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएको छ ।

साथै कोषका कर्मचारीहरुको पेशागत ज्ञान तथा सीप विकास गर्न तालिम लगायतका गतिविधिहरु समेत सञ्चालन गरिएको छ ।

## कोषको सेवा सुविधा सम्बन्धी अन्तरक्रिया तथा KYC अद्यावधीकरण

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराको आयोजनामा मिति २०८१ फागुन ८ र ९ गते नेपाली सेना, श्री पश्चिम पृतना तालिम शिक्षालय, खैरेनीटार ब्यारेक, तनहुँमा कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रिया सम्बन्धी अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमा कोषको शाखा कार्यालयका सहायक प्रवन्धक सचिन सापकोटा तथा  सहायक कृष्ण प्रसाद अधिकारीले कोषबाट उपलब्ध सेवा सुविधाबारे प्रस्तुतीकरण गर्नुका साथै सञ्चयकर्ताले उठाएका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभएको थियो ।

यसैगरी, मिति २०८१ फागुन २२ गते गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, कास्कीमा सोही प्रकारको अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा सञ्चयकर्ताले उठाएका जिज्ञासाहरुको सम्बोधन कोषको शाखा कार्यालयका सहायक प्रवन्धक आरती भुसाल बास्तोला तथा प्रमुख सहायक कुशुम पौडेलले गर्नुभएको थियो ।

सोही कार्यक्रममा सहभागी सञ्चयकर्ताहरुको Onsite KYC अद्यावधिक गरिएको थियो ।

ती दुबै कार्यक्रमबाट क्रमशः २०१ र १०३ जना गरी कूल ३०४ सञ्चयकर्ता लाभान्वित भएका छन् ।

## कोष र मणिपाल शिक्षण अस्पतालबीच सम्झौता

सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० अन्तर्गत सञ्चयकर्ता स्वास्थ्य उपचार योजनालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने उद्देश्यले मिति २०८१ फागुन २७ मा कर्मचारी सञ्चय कोष र पोखरा, फुलबारीस्थित मणिपाल शिक्षण अस्पतालबीच सम्झौता सम्पन्न भएको छ ।



उक्त सम्झौता पश्चात् सञ्चयकर्तालाई औषधी उपचारमा सहजीकरण हुनुका साथै कोषले सञ्चयकर्तालाई उपलब्ध गराउने स्वास्थ्य उपचार बापतको खर्च सोधभर्नाको प्रक्रियामा समेत सहजीकरण भएको छ ।

## नयाँ संस्थाहरु कोषमा आबद्ध हुने सम्झौता

कर्मचारी सञ्चय कोषमा नयाँ संस्थाहरुलाई आबद्ध गरी कोषको दायरा विस्तार गर्दै कोषलाई नेपालकै अग्रणी सामाजिक सुरक्षा



संस्थाको रुपमा स्थापित गर्ने लक्ष्य हासिल गर्न शाखा कार्यालय पोखराले “कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली २०८१” बमोजिम मिति २०८१/१२/२७ मा पोखरास्थित जुनियर सिटिजन्स् एकेडेमी प्रा.लि. सँग र  मिति



२०८१/१२/३१ मा नमूना वचत तथा ऋण सहारी संस्था लिमिटेडसँग सम्झौता सम्पन्न गरेको छ ।

त्यस अवसरमा कर्मचारी सञ्चय कोषको संक्षिप्त परिचय र कोषका सेवा तथा सुविधाहरुका बारेमा जानकारी दिइएको थियो ।

आबद्ध संस्थाहरु कर्मचारी सञ्चय कोषसँग सहकार्य गरी सामाजिक सुरक्षाको सामूहिक लक्ष्यलाई हासिल गर्न उत्साहित तथा प्रतिबद्ध रहेको पाइएको छ ।

## आवासीय तालिम कार्यक्रम सम्पन्न

तनाव रहित तथा उत्प्रेरित कर्मचारीबाट नै उत्कृष्ट कार्यसम्पादन गराउन सकिन्छ भन्ने मान्यता अनुरुप कर्मचारी सञ्चय कोष, शाखा कार्यालय पोखराले शाखामा कार्यरत स्थायी एवं सेवा करारका कर्मचारीहरुलाई पोखरा दोविल्लास्थित ओशो उपवन आध्यात्मिक केन्द्रसँगको समन्वयमा मिति २०८१ चैत १ गते कार्यालय समय पश्चात् र चैत्र २ गते शनिबारको दिन ध्यान तथा योगाभ्यास लगायतका कार्यक्रम सम्पन्न गरेको छ।



उक्त कार्यक्रमबाट सहभागी कर्मचारीहरुको तनाव व्यवस्थापन र व्यक्तित्व विकास हुनुका साथै उनीहरुमा सकारात्मक सोचको विकास भई शारीरिक तथा मानसिक रुपले लाभान्वित भएकोले यसले सेवा प्रवाहमा समेत नयाँ उत्साह ल्याएको अनुभूति भएको छ।

## रिचार्जेबल म्याजिक लाइट हस्तान्तरण

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कर्मचारी सञ्चय कोषको तर्फबाट शाखा कार्यालय पोखराद्वारा मिति २०८१/१२/०६ मा जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीलाई रातिको समयमा ट्राफिक प्रहरीले चेकजाँच गर्दा प्रयोग गरिने सुरक्षा उपकरण रिचार्जेवल म्याजिक लाईट १० (दश) थान हस्तान्तरण गरेको छ।



त्यस अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीका कार्यालय प्रमुख शोभा पाण्डेयले उक्त लाईटहरु ग्रहण गर्नुहुँदै यसबाट ट्राफिक व्यवस्थापन सहज हुने तथा सवारी दुर्घटना न्यूनीकरणमा समेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# शाखा कार्यालय, हेटौंडा

## Knowledge Sharing कार्यक्रम सम्पन्न

कोषबाट प्रदान गरिदै आएको सेवा सुविधाका सम्बन्धमा सञ्चयकर्ताहरुलाई जानकारी गराउने उद्धेश्य राखी मिति २०८१/०५/०१ मा कोषको हेटौडा स्थित शाखा कार्यालयले Knowledge sharing कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सञ्चयकर्ताहरुबाट आएका गुनासा तथा सुझाहरुलाई शाखा प्रमुख डा. दिलिपराज पौडेलले अन्तर्क्रियात्मक शैलीमा सम्बोधन गर्नुभएको थियो।

त्यस्तै मिति २०८१/०५/१८ मानव संसाधन व्यवस्थापन विभाग, तालिम तथा विकास शाखाको संयोजकत्वमा आयोजित तालिममा सहभागी भई फर्किनु भएको उप प्रबन्धक श्री निमा डोमा शेर्पाज्यूबाट उक्त तालिममा उठेका/भएका विविध विषयको बारेमा Knowledge sharing कार्यक्रम सम्पन्न गरिएको।

## कोष र अस्पतालबीच MOU मा हस्ताक्षर

सञ्चयकर्तालाई औषधीउपचार सुविधा प्रदान गर्न कोष र देहायका अस्पतालहरुबीच विभिन्न मितिमा सम्झौता भएको छ । यससँगै सञ्चयकर्ताहरु अस्पतालमा बेड भर्ना भई उपचार गराउँदा लागेको खर्चको सोधभर्ना कोषबाट प्राप्त गर्न सक्नेछन्।

| क्र.सं. | सम्झौता भएको मिति | सम्झौता भएको अस्पताल |
|---|---|---|
| १ | २०८१/०५/२५ | सिएमसि चुरे हिल हस्पिटल |
| २ | २०८१/१२/२४ | नेशनल मेडिकल कलेज शिक्षण अस्पताल |
| ३ | २०८१/०६/२३ | नेशनल सिटी हस्पीटल |
| ४ | २०८१/०९/०५ | नारायणी सामुदायिक हस्पिटल |
| ५ | २०८१/१०/२९ | योगी नरहरीनाथ योग तथा प्राकृतिक चिकित्सालय |
| ६ | २०८१/१२/१८ | एल.एस. न्युरो एण्ड जनरल हस्पिटल |
| ७ | २०८२/०१/०२ | नारायणी अस्पताल वीरगंज |
| | | |

## कोषमा नयाँ संस्था आवद्ध



मिति २०८१/१२/२८ गते श्री चितवन कलेज प्रा.ली., मिति २०८१/१२/२८ गते श्री कलेज अफ टेक्नोलोजी प्रा.ली र मिति २०८२/०१/१५ गते श्री कमलपोखरी गरिबी निवारण साना किसान कृषि सहकारी संस्था लिमिटेड चितवनमा कार्यरत कर्मचारीहरुको मासिक तलबबाट कोषकट्टी रकम कोषमा जम्मा गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भयो ।

## KYC अध्यावधिक

मिति २०८१ माघ २१ मा सुपारीटार ब्यारेक, मिति २०८१/१२/८ र ९ गते नयाँ सबुज गण भरतपुर चितवनमा मा स्थलगत KYC कार्यक्रम सम्पन्न गर्न शाखा कार्यालय हेटौंडाका प्रमुख सहायक श्री मनिष कुमार कर्ण र ललन साहको टोली तथा उप प्रबन्धक श्री गौरी शंकर मल्लिक र प्रमुख सहायक श्री मनिष कुमार कर्णको टोलीले कार्यसम्पादन गर्नुभएको थियो ।

## अन्तक्रिया कार्यक्रम सम्पन्न






मिति २०८१/०७/०५ गते जिल्ला प्रशासन कार्यालय मकवानपुर, मिति २०८२ बैशाख ०७ गते जिल्ला प्रशासन कार्यालय पर्सा र मिति २०८१/११/०५ गते जिल्ला प्रशासन कार्यालय बारामा शाखा कार्यालय हेटौडाले अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा सञ्चयकर्ताहरुले पाउने सामाजिक सुरक्षा सुविधा प्रक्रिया र वित्तीय सुविधा प्रकृयाका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।

# शाखा कार्यालय, जनकपुर

**सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको आयोजनामा मिति २०८१/११/२४ गते श्री बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुलीमा नयाँ कर्मचारीहरुलाई अन साइड के वाई सी सहित कोषबाट प्रवाह हुने सेवा सुविधा सम्बन्धी बिषयमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्रहरी जवानहरु समेत गरी १९५ जना सहभागी कार्यक्रममा कोषबाट प्रवाह हुँदै आएको सेवा सुविधा सम्बन्धमा प्रस्तुती शाखा कार्यालयका सहायक प्रबन्धक राम कृष्ण नन्दन सिंहले गर्नुभएको थियो भने उपप्रबन्धक लोकनाथ ताजपुरियाले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुको जिज्ञासाहरुलाई कोषका जनकपुर शाखा कार्यालयका कार्यालय प्रमुख राम प्रसाद लामिछाने गर्नुभएको थियो ।

**सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम**

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, जनकपुरको आयोजनामा मिति २०८१/१२/४ गते महोत्तरी जिल्ला समन्वय समितिको सभाहल, जलेश्वरमा कोषले संचालन गर्दै आएको निवृत्तभरण कोष (पेन्सन) योजना तथा कोषबाट प्रदान गरिँदै आएका सेवा सुविधा र के. वाई. सी. सम्बन्धी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कर्मचारी सञ्चय कोषको जनकपुर शाखा कार्यालय प्रमुख राम प्रसाद लामिछानेको अध्यक्षता तथा महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सङ्घीय निजामती तथा प्रदेश निजामती कार्यलयका कार्यालय प्रमुख र लेखा प्रमुखहरु तथा कर्मचारी सञ्चय कोषका सामाजिक सुरक्षा व्यवास्थापन विभागका विभागीय प्रमुख विरेन्द्र पौडेल तथा सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख सागर कुमार सिंह लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख विरेन्द्र पौडेलले निवृत्तभरण कोष (पेन्सन) योजना सम्बन्धमा जानकारीमूलक प्रस्तुती गर्नुभएको थियो ।

यसैगरी, सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख सागर कुमार सिंहले कोषबाट प्रवाह हुँदै आएका सेवा सुविधा र के वाई सी का बारेमा विस्तृतमा जानकारी दिनुभएको थियो ।



कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ विभागीय प्रमुख पौडेल र विभागीय प्रमुख सिंहले दिनुभएको थियो ।

कोषको जनकपुर शाखा कार्यालयका कार्यालय प्रमुख राम प्रसाद लामिछानेले कर्मचारी सञ्चय कोष, जनकपुर शाखाबाट हुँदै आएको सेवा प्रवाह सम्बन्धी कार्य लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

# शाखा कार्यालय, विराटनगर

## प्रदेश प्रशासनिक समन्वय परिषद्को बैठकमा कोषको प्रस्तुतीकरण



प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश सरकारले आयोजना गरेको कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को तेस्रो बैठक (दोस्रो चरण) मा कर्मचारी सञ्चय कोषबाट हुने सेवा प्रवाह, सञ्चय कोष तथा निवृतभरण कोष व्यवस्थापन र कोषका उद्देश्य तथा भावी कार्यदिशाका बारेमा जानकारी गराइएको छ ।

मिति २०८१ चैत्र २२ गते धनकुटाको हिलेमा भएको बैठकमा कोषको तर्फबाट शाखा कार्यालय, विराटनगरकी कार्यालय प्रमुख वरिष्ठ प्रबन्धक रुकमणी ठकुरीले कोषको परिचय, ऐतिहासिक पृष्ठभूमि, कोषको स्रोत तथा उपयोग, कोषको संस्थागत संरचना, कोषका प्रमुख सेवाहरू र योगदानमूलक निवृत्तिभरण योजना सञ्चालनका आधारहरूका जानकारी दिनुभएको थियो ।

यसैगरी, उहाँले निवृत्तभरण कोष ऐन, २०७५ ले निर्धारण गरेको क्षेत्राधिकार, निवृतभरण योजनाका व्यवस्था एवम् विशेषता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०, प्रदेश निजामती सेवा ऐन, २०७९ र प्रदेश निजामती सेवा नियमावली,

२०८१ मा भएका निवृत्तभरण सम्बन्धी व्यवस्था, योगदानमा आधारित निवृत्तरण व्यवस्थापन सम्बन्धमा नेपाल सरकारबाट जारी भएका परिपत्र एवम् पत्राचारबारे प्रस्तुतीकरण मार्फत् जानकारी दिनुभएको थियो ।

साथै निवृत्तभरण व्यवस्थापनमा रहेका अन्यौलता, सार्वजनिक निकायका कर्मचारीको निवृतभरण तथा उपदान कोष सञ्चालन विनियमावली, २०८१ मा भएका व्यवस्थाका सम्बन्धमा समेत उहाँले चर्चा गर्नुभएको थियो ।

यसैगरी, स्थानीय तहमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको अवकाश पश्चात् भुक्तान गरिने विदा, कल्याणकारी सुविधा, औषधोपचार, सावधिक वीमा लगायतका अन्य अवकाश सुविधाहरु प्रदान गर्न आवश्यक रकम स्थानीय निकायको नाममा कर्मचारी सञ्चय कोष जम्मा हुने गरी सम्झौता गर्न र स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरुको अवकाश कोष र योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालन तथा व्यवस्थापनका निमित्त दिगो एवम् भरपर्दो वित्तीय संस्थाको रुपमा स्थापित कर्मचारी सञ्चय कोषलाई जिम्मेवारी प्रदान गर्ने गरी स्थानीय तहबाट संघीय कानूनसँग एकरुपता हुने गरी संस्थागत व्यवस्थाका लागि कानूनको निर्माण गर्न समेत उहाँले अनुरोध गर्नुभएको थियो ।

कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्का संयोजक एवम् प्रमुख सचिव केदारनाथ शर्माको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो ।

# सेवा केन्द्र, धनकुटा

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र, धनकुटाले मिति २०८१ माघ देखि २०८१ चैत्र महिनासम्म नियमित कार्य बाहेक विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ ।

यसक्रममा सेवाकेन्द्र, धनकुटाले मिति २०८१।११।२१ गते जिल्ला समन्वय समिति धनकुटाको सभाहलमा प्रदेश, स्थानीय निकाय तथा



सार्वजनिक निकायका कर्मचारीहरुलाई कोषको योगदानमा आधारित योजनामा आबद्ध गर्न प्रदेश सरकार तथा स्थानीय तहसँग सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

यसैगरी, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, धनकुटा नगरपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापकहरु र नगरपालिकाका अन्य इकाई प्रमुखहरुसँग मिति २०८१।१२।१३ गते धनकुटा नगरपालिकाको सभाहलमा वित्तीय सुविधा एवम् सामाजिक सुरक्षण सुविधा सम्बन्धी सञ्चयकर्ता सचेतना तथा योगदानमा आधारित निवृत्तभरण, उपदान तथा अन्य योजनाका सम्बन्ध छलफल तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यस्तै, मिति २०८१।१२।२२ गते कोशी प्रदेश प्रशासनिक समन्वय परिषद्को आयोजनामा धनकुटामा प्रदेश प्रमुख सचिव केदारप्रसाद शर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कोषको सेवा केन्द्र, धनकुटाका प्रमुखबाट कार्यक्रममा उठेका जिज्ञाशाको बारेमा प्रष्ट पारिएको थियो ।

उक्त कार्यक्रममा कोषको बिराटनगरका शाखा प्रमुख रुक्मिणी ठकुरीले योगदानमूलक निवृत्तभरणका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



यसैगरी, विभिन्न मितिमा धनकुटा नगरपालिका, साँगुरीगढी गाँउपालिका, छथर जोरपाटी गाँउपालिका तथा चौबिसे गाँउपालिकाका तथा अन्य निकायका कर्मचारीहरुलाई पनि योगदानमुखी निवृत्तभरण, उपदान तथा अन्य अवकाश योजनाका बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले सेवा केन्द्रबाट कार्यक्रमहरु आयोजना गरिएका छन् ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

कर्मचारी सञ्चय कोष ६३औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योगदानकर्ताको सन्तुष्टीप्रति सदैव समर्पित रहँदै कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## (१) सञ्चयकर्ता विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ७५ हजार | ३३ हजार ६ सय |
| निवृत्तभरण कोष | ८० हजार ४ सय | ३ हजार ८ सय |

## (२) आ.व. २०८०/८१ को वित्तीय विवरण :

| विवरण | सञ्चयकोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरु | कूल स्रोत | कुललगानी |
|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ५१८.४८ | ११.२१ | ३५.३३ | ५.८३ | ५७०.८५ | ५५२.०३ |

## (३) वित्तीय सुविधाहरु :

### (क) सञ्चयकर्ता सापटी (आ व.२०८१/८२)

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गाखरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९० प्रतिशतसम्म | रु.१ करोडसम्म | रु.४० लाखसम्म | रु.४० लाखसम्म | रु.६० लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ६.६० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ७.५० प्रतिशत | ८.०० प्रतिशत | ८.०० प्रतिशत |

मूल्याङ्कन रकमले खामेको अवस्थामा एउटै सञ्चयकर्तालाइ फरक फरक वा एउटै धितोमा फरक शीर्षकमा कूल सापटी रकम रु. १ करोड ५० लाखभन्दा बढी नहुने गरी सापटी स्वीकृत गर्न सकिने ।

**(ख) ब्याजमा छूट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छूट दिने व्यवस्था गरिएकोछ ।

**(ग) ब्याज तथा मुनाफा** : आ.व. २०८१/८२ मा कोष रकममा ब्याज दर ५.५ प्रतिशत
: मुनाफा : १.१० प्रतिशत (२०८०/८१ को शुरु मौज्दातमा)

## (४) सामाजिक सुरक्षा सुविधाहरु :

**(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना :** सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये **साधारण रोग**तर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू. १ लाखसम्म र **घातक रोग**को उपचारको हकमा सेवा अवधिभरमा अधिकतम रु. १० लाखसम्म रकम शोधभर्ना गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार योजना :** प्रति प्रसूती रु.७,५०० (२ पटकका लागि),

**(ग) दुर्घटना क्षतिपूर्ति योजना :** सञ्चयकर्ता वा निजको हकवालालाई रु. २ लाखसम्म,

**(घ) काजकिरिया अनुदान योजना :** हकवालालाई रु. ४० हजार ।

## (५) कोषका कार्यालयहरु :

**काठमाडौं उपत्यका :** पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

**उपत्यका बाहिर :** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी, धनकुटा र बिर्तामोड ।


सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग



**कर्मचारी सञ्चय कोष**

पुल्चोक, ललितपुर

फोन नं.: ५०१०१६५, ५०१०१६६